# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, भदौ १५ गते २०६० साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि सोही ऐनको दफा १२.१.२ बमोजिम काठमाडौं उपत्यका नगर विकास समिति, काठमाडौंले काठमाडौं महानगरपालिका वडा नं. ३५ स्थित सिनामंगल जग्गा एकीकरण आयोजनाको विस्तारित क्षेत्रको रुपमा साविक सिनामंगल ७ (घ) को तपसिलको चार किल्लाभित्रको सिनामंगल क्षेत्रमा रहेका विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी नगर योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधा व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्ड पुलिङ) कार्यक्रम संचालन गर्न सोको योजना श्री ५ को सरकारबाट मिति २०६०।२।१ मा स्वीकृत भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८

पूर्व :- मनहरा खोला र मध्यपुर ठिमी नगरपालिका ।
पश्चिम :- सिनामंगल जग्गा एकीकरण आयोजना ।
उत्तर :- गोठाटार गा.वि.स. र सिनामंगल जग्गा एकीकरण आयोजना ।
दक्षिण :- मध्यपुर ठिमी जाने पुरानो बाटो ।

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी बुद्ध प्रतिष्ठान पोखराको लागि बुद्ध फाउण्डेशन, जापानबाट उपहार स्वरुप प्राप्त हुने देहायका सामानहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क सं. | सामानको विवरण | मूल्य |
|---|---|---|
| १. | Toshiba Radiography and Fluroscopy X-Ray System WINMIND DFX-1032X/E2 | JPY 75,86,000.00 |
| २. | X-Ray Ambulance Vehicle of Hino Motors Ltd. with Hitachi X-Ray System | JPY 15,00,000.00 |

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी राधा स्वामी सत्सङ्ग ब्यास, नेपालले राधा स्वामी सत्सङ्ग ब्यास, नयाँदिल्ली, भारतबाट आयात गर्ने भा.रु. ८०,०००।- मूल्य बराबरको २,००० थान अडियो क्यासेट तथा १,००० थान अडियो सी.डी. मा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल अग्नि जलन समाजको लागि रोटरी क्लब अफ पशुपतिको नाममा रोटरी इन्टरनेशनलबाट उपहार स्वरुप प्राप्त हुने देहायका सामानहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | सामान पठाउने संस्था | सामानको विवरण | मूल्य |
|---|---|---|---|
| १. | K. Takaoka, Brazil | Samurai Ergo Anaesthesia Machine | US$ 5,600.00 |
| २. | USA | Bausch and Lomb Surgical | US$ 5,676.00 |

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०६०।४।१ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवाका एघारौं तहका देहायका अधिकृतहरूलाई सोही सेवाका बाह्रौं तहमा बढुवा गरिएको छ ।

(क) डा. भुवनेश्वरी दत्त चटौत
(ख) डा. महावीर कृष्ण मल्ल
(ग) डा. निराकारमान श्रेष्ठ
(घ) डा. विष्णुप्रसाद पण्डित

आज्ञाले,
विजयराज भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

160